# हिमवत्खण्ड : पाँच खण्ड, प्रमुख नेपाल

नेपाल हिमवत्खण्डको केन्द्र स्थल हो। नेपाल सभ्यता र ज्ञानको पवित्र भूमि हो। यो विश्वमा मानव सभ्यताको आदिभूमि हो। ज्ञानोदयको आदिभूमि हो। यसै हिमवत् खण्ड नेपालमा सबैभन्दा प्राचीन ग्रन्थ ऋग्वेद र सबैभन्दा प्राचीन भाषा संस्कृतको जन्म भएको हो। यसै भूमिमा चार वेद, उपनिषद्, श्रुति, स्मृति, पुराण तथा अनेकौं नीतिशास्त्रको प्रादुर्भाव र विस्तार भएको हो।

हिमवत्खण्डअन्तर्गत नै सप्तगण्डकीमा काश्यप ऋषि, पुलस्त्य ऋषि, कोशी किनारमा कौशिक ऋषि (विश्वामित्र), मिथिलामा तत्त्वज्ञानी राजा जनक, याज्ञवल्क्य, गार्गीजस्ता दार्शनिक र वाल्मीकि, व्यास, कालीदास प्रभृति महान् कविहरूको जन्म भयो। यही नै ने मुनिनामका ऋषि र किराँतहरूका ऋषि आकुनीले ख्याति कमाएको पाइन्छ। यसै भूखण्डमा विविध दर्शनको आविष्कार भएको थियो। यसरी सर्वप्राचीन ज्ञानसभ्यता, वाङ्मयको प्रवर्तन र विस्तार भएकाले नै हिमवत्खण्ड र यसअन्तर्गत पर्ने नेपाललाई मानव सभ्यताको उद्गम र विश्वसभ्यताको ज्येष्ठभूमि मानिएको हो। यसै पावन भूमिमा गौतमबुद्धको जन्म भयो र विश्वभर बुद्धत्व र मानवतावादको प्रकाश प्रसारित भयो।

प्राचीनकालमा नेपाल अहिलेभन्दा ठूलो थियो। विक्रमादित्यका छोरा समुद्र गुप्तको प्रयागस्थित अभिलेखमा- पूर्वमा 'कामरूप (आसाम) र पश्चिममा कर्तृपुर (कुमाउँ र गडवालबीचको देशलाई 'नेपाल' भनी वर्णन गरिएको छ। हिमवत्खण्ड भन्नाले यो विशाल तपोभूमि र ज्ञानभूमिमा कैयौं ऋषि-महर्षिहरूले ज्ञानको आविष्कार गरेका थिए। उनीहरूले नै धर्मशास्त्र, नीतिशास्त्र, राज्य शासनका अनेक विधिविधान सिर्जना गरेर हिमवत्खण्डलाई प्राज्ञिक परम्पराबाट समृद्ध बनाए।

हिमवत्खण्डमा समेटिएको भौगोलिक क्षेत्र जति विविधतापूर्ण र विशाल छ, त्यत्तिकै यसको गहनता र महत्ता पनि व्यापक र विशाल छ। यस भूखण्डका भौगोलिक, ऐतिहासिक, सांस्कृतिक र वैचारिक मूल्यहरू विशिष्ट छन्। पूर्वदेखि पश्चिमसम्म विस्तारित हिमालय शृंखला र त्यसका काखमा अनवरत पर्वतीय हिमवत्खण्ड र समतल भूभाग समाविष्ट भूगोलको एउटा खण्ड हो। हिमवत् खण्डबारे प्राचीनकालदेखि नै विभिन्न चर्चा परिचर्चा हुँदै आएका छन्। वेदव्यासद्वारा रचित १८ पुराणमध्ये प्रमुख स्कन्दपुराण पनि हो। स्कन्दपुराणअन्तर्गत एउटा खण्डमा हिमवत्खण्डको महिमा वर्णन गरिएको छ। स्कन्द पुराणको यसै खण्डमा वर्णन गरिएअनुसार हिमालयपालित सिन्धु प्रदेशदेखि ब्रह्मपुत्रसम्म फैलिएको मानसरोवर समन्वित भूखण्ड नै हिमवत्खण्ड हो।

संस्कृतका महाकवि कालीदासरचित 'कुमारसम्भव'मा 'हिमवत्खण्डलाई सवा लाख पर्वतमाला समावेश रहेको हिमालय पर्वतको भूखण्ड, जसले पूर्व र पश्चिम दिशाका समुद्रलाई स्पर्श गर्छ' भनी वर्णन गरिएको छ। यसअनुसार हिमवत्खण्ड भन्नाले हिमाली भू-भागमात्र नभई हिमालदेखि समुद्री सतहसम्मको भूखण्ड हो। यसअन्तर्गत समुद्री सतहबाट करिब ६६ सय मिटर उचाइमा अवस्थित कैलाशपर्वत, ४५ सय मिटर उचाइमा रहेको मानसरोवर ताल आसपासदेखि पूर्व र पश्चिमसम्म फैलिएका विशाल हिमाली शृंखला र तिनका फेदीबाट बहने खोला, नदी, झरना, तालतलैया तथा जलाधार क्षेत्र एवं विविध भौगोलिक बनावटसहितको समष्टि भन्ने बुझिन्छ।

पौराणिक एवं ऐतिहासिक ग्रन्थहरूमा पश्चिममा कैलाश मानसरोवरबाट प्रस्रवित सिन्धु नदी, पूर्वमा तिब्बतबाट प्रवाहित भई हिमवत्खण्डको पूर्वी भूभागबाट भारतको अरुणाचल एवं बंगलादेश हुँदै हिन्द महासागरमा मिसिने ब्रह्मपुत्र नदी (जसलाई तिब्बतमा दिहाङ नदी भनिन्छ), उत्तरमा कैलाश पर्वतसँगै हिमालय पर्वतशृंखला र दक्षिणमा गंगा नदी तट एवं यसबीचमा अवस्थित सम्पूर्ण जल, जंगल र जमिनसहितको क्षेत्रलाई समष्टिमा हिमवत् खण्डअन्तर्गत समेटिएको छ। भौगोलिक अवस्थितिलाई दृष्टिगत गर्दा हाम्रो देश नेपाल लगभग समग्र हिमवत्खण्डको मध्य भागमा पर्छ। विविधतापूर्ण परम्परित भौगोलिक, प्राकृतिक, सामाजिक एवं सांस्कृतिक विशेषता भएको सानो तर सुन्दर हिमाली देशका हामी नेपाली यसै भूखण्डका बासिन्दा हौं।

नेपाल हिमवत्खण्डका सम्पूर्ण विशेषताको प्रतीक हो। यस देशले हिमवत्खण्डको पूर्ण प्रतिनिधित्व गर्ने क्षमता राख्छ। हामीले यस भूमिको भौगोलिक, सांस्कृतिक, ऐतिहासिक र प्राचीन ज्ञानपरम्पराबारे जान्नुपर्छ। यस धरामा प्रादुर्भाव र विस्तार भएका सनातन धर्म, संस्कार, संस्कृति, मूल्य-मान्यतासँग एकाकार भई तिनलाई युगानुकूल बनाउँदै लैजानुपर्छ। यद्यपि इतिहासको लामो कालखण्डमा समाज विकासका क्रममा कतिपय संकीर्ण रुढिवादी परम्परा विकसित नभएका होइनन्। यस सम्बन्धमा विद्वत्वर्गका बीच गहनतम् छलफल हुनुपर्छ। समाजमा विकसित हुँदै आएका त्यस्ता विकृतिहरूका विरुद्ध संघर्ष गर्दै तिनलाई परिष्कृत गर्दै जानुपर्छ। यो आजको समयको माग हो। यस हिमवत्खण्डमा प्रादुर्भाव भएको ज्ञानपरम्परा, सभ्यताको प्रकाश र संस्कार-संस्कृतिबाट समकालीन समाजलाई जागरुक बनाउँदै त्यसलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नु जरुरी छ।

सभ्यताको उषाकालमा हिमवत्खण्डमा सृजित र विकसित हाम्रो गौरवपूर्ण परम्परा तथा यसको महत्त्व सबैले बुझ्नु र सबैलाई बुझाउनु पनि जरुरी छ। यसै सन्दर्भमा मदन भण्डारी कला-साहित्य प्रतिष्ठानद्वारा २०७५ असार २९, ३० र ३१ गते भानु जयन्तीका अवसरमा मुलुकमै पहिलो पटक 'हिमवत्खण्ड कला-साहित्य सम्मिलन-२०७५' आयोजना गरिएको थियो। त्यसैको निरन्तरता स्वरूप 'हिमवत्खण्ड कला-साहित्य-संस्कृति सम्मिलन-२०८१' आयोजना गर्नु वाञ्छनीय रह्यो। यस्तै महत्त्वपूर्ण आयोजनाहरूबाट हामीले हाम्रा पूर्वजहरू र उनीहरूले निर्माण गर्दै आएका मानवीय एवं सामाजिक मूल्यहरूलाई युगानुकूल व्याख्या गर्दै अघि बढाउन सक्छौं।

हिमवत्खण्डमा उद्भव भएका मानव सभ्यता र सांस्कृतिक वैभवहरूका साथै यस भू-खण्डमा बसोबास गर्ने विभिन्न भाषाभाषीका विभिन्न संस्कृति, सभ्यता र ज्ञानपरम्परालाई आत्मसात् गर्दै यहाँका विविध जातजाति तथा समुदायबीच सांस्कृतिक आदान-प्रदान गर्ने, सभ्यता, संस्कृति र ज्ञान परम्पराका सम्बन्धमा प्राज्ञिक विमर्श गर्ने, तिनको खोज-अन्वेषण, अध्ययन-अनुसन्धान, संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने, बहुभाषिक एवं बहुसांस्कृतिक सम्बन्धलाई प्रगाढ बनाई हिमवत्खण्डका संस्कृति र सभ्यताप्रति गौरवको भावना जगाउने, सामाजिक एकता र सद्भावलाई भावनात्मक र व्यावहारिक रूपमै सुदृढ तुल्याउँदै जाने उद्देश्यले 'हिमवत्खण्ड कला-साहित्य-संस्कृति सम्मिलन-२०८१' आयोजना गरिएको हो।




यस सम्मिलनबाट हिमवत्खण्डका परम्परागत ज्ञान तथा मौलिक संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा सहयोग पुगेको छ। भावी पुस्तालाई यस भू-खण्डका परम्परागत मूल्य-मान्यताको महत्त्वबोध गराई यसप्रति आकर्षित तुल्याउनु महत्त्वपूर्ण प्राज्ञिक उत्तरदायित्व हो। त्यसैले सम्मिलनमा हिमवत्खण्डमा बसोबास गर्ने नेपाली जातिका परम्परागत मौलिक संस्कृति झल्किने सांस्कृतिक झाँकी, वाद्यवादन, गीत-संगीत, शिल्पकला, ललितकला, वेशभूषा, गरगहना, खानपान आदिको प्रदर्शनी भए। ती सांस्कृतिक सम्पदा विषयक प्राज्ञिक विमर्श गरियो।

सम्मिलनमा भारतका नेपाली भाषी क्षेत्र सिक्किम, दार्जिलिङ, आसाम, मणिपुर, मेघालय, नागाल्यान्ड, हिमाञ्चल, अरुणाञ्चल, सिमला, भाक्सु, देहरादुन, कुमाउ, गढवाल, नैनीताल, लद्दाख, बनारस एवं लखनउका साथै अन्य देश म्यानमार, भुटान, बंगलादेश, थाइल्यान्ड र चीनको तिब्बतमा बसोबास गर्ने नेपाली संस्कृतिविद्, सांस्कृतिक अभियन्ता तथा कलाकारहरूको सहभागिता रह्यो।

### उद्देश्य र उपलब्धि

- हिमवत्खण्ड संसारकै गौरव हो। यही गौरवशाली भूखण्डमा विश्वको सर्वोच्च शिखर सगरमाथासहित विश्वप्रसिद्ध हिमशृंखलाहरू अवस्थित छन्। भारोपेली तथा भोट बर्मेली भाषाको आधार क्षेत्रका रूपमा रहेको यस भूभागमा अस्तित्वमा रहेका नेपालीसहित विभिन्न भाषा, सभ्यता र संस्कृतिको उन्नयन, आपसी सद्भाव र सांस्कृतिक एवं मौलिक सिर्जनशील पक्षको महिमागान एवं विचार विमर्श यस सम्मिलनको खास उद्देश्य रह्यो। हिमवत्खण्डका समस्त सांस्कृतिक वैभवप्रति गर्व गर्दै यहाँको प्रकृति, संस्कृति तथा मानवीय मूल्यको सम्प्रसार गर्ने काम भएको छ।
- हिमवत्खण्डको यस भेगमा सिर्जित वैदिक तथा बौद्ध वाङ्मय, ज्योतिषविज्ञान, योग एवं आयुर्वेदलगायतका प्राच्य विज्ञान र अपार सांस्कृतिक ज्ञानपरम्परा तथा वैभवले यस क्षेत्रको चेतनालाई सदैव उच्च राख्दै आएको छ। ज्ञान तथा चेतनाका ती महिमाशाली पूर्वपरम्पराप्रति गौरवबोध गर्नमा यस सम्मिलनले थप भूमिका खेलेको छ।
- हिमवत्खण्डका मौलिक तथा रैथाने संस्कृति, ज्ञानपरम्परा, तन्त्र-मन्त्र, कला-साहित्य, रीतिरिवाज, शिल्पकला, वेशभूषा, खानपान, मूर्त तथा अमूर्त सम्पदाको संरक्षण, सम्वर्धन र प्रवर्धन गर्न सम्मिलनले पुनर्जागरण ल्याएको छ।
- हिमवत्खण्डका प्राचीन सभ्यता, सांस्कृतिक, सामाजिक, भौगोलिकलगायतका विविध आयामबारे खोज-अन्वेषण, अध्ययन-अनुसन्धान तथा संरक्षण, सम्वर्धन र प्रवर्धन गर्न पनि सम्मिलनले उत्प्रेरित गरेको छ।
- नेपाल अनेक जातजाति, संस्कृति तथा भाषाभाषीका इन्द्रेणीको रूपमा परिचित रहँदै आएको छ। प्राकृतिक, जैविक तथा सांस्कृतिक विविधता नै यस मुलुकको ऐश्वर्य हो। यही सत्यलाई आत्मसात् गरी अन्तर्राष्ट्रिय एकताको सेतु नेपाली राष्ट्रिय संस्कृतिको सम्वर्द्धन र विकास गर्नु हाम्रो परम कर्तव्य हो। मुलुकको विकास निर्माण र समृद्धितर्फको यात्रामा बहुसांस्कृतिक पहिचान कायम राख्दै अघि बढ्न सम्बद्ध सबै पक्षलाई आह्वान गर्नु पनि यस सम्मिलनको अर्को उद्देश्य थियो।
- भाषिक घनत्वका दृष्टिले नेपाल अनुपम भूमि रहिआएको छ। हाल बोलचालमा रहेका १ सय २३ भाषा तथा तीसँग जोडिएका संस्कृतिको जीवन्तता यसको प्राण हो। यसलाई नागरिक तथा सरकारी दुवै तहका प्रयत्नबाट जोगाउनु तथा एकआपसमा सहकार्य गरी विकसित गर्नु आवश्यक छ। नेपालका भाषा र संस्कृतिहरूको संरक्षणका लागि विशेष भूमिका निर्वाह गर्न सम्बद्ध सबै पक्षमा चेतना जागृत गराउन सम्मिलनले महत्त्वपूर्ण भूमिका खेलेको छ।
- हिमवत्खण्डका सांस्कृतिक वैभवलाई उजागर गरी आपसी सहकार्य र सद्भावलाई थप सुदृढ बनाउने, आपसी हार्दिकतालाई अझ प्रगाढ बनाउने एवं हिमवत्खण्डको वैभवलाई विश्वव्यापीकरण गर्ने दिशामा सम्मिलनले बाटो देखाएको छ।
- हिमवत्खण्डका संस्कृतिकर्मीहरूको साझा मञ्च बनाउने र उक्त मञ्चका माध्यमबाट समयसमयमा पालैपालो सांस्कृतिक सम्मिलन आयोजना गर्ने योजना पनि सम्मिलनले अघि सारेको छ।
- हिमवत्खण्डका ज्ञानसम्पदा र तिनका युगीन औचित्यतर्फ संसारको ध्यानाकर्षण गर्नु पनि यस सम्मिलनको उद्देश्य रह्यो।


*२०८१ चैत १-३ मा सम्पन्न सम्मिलनसम्बन्धी अवधारणा-पत्र*

## संकल्प सुवर्ण हिमवत्खण्डको



केपी शर्मा ओली

कविता


हिमवत्खण्ड कला, साहित्य, संस्कृति सम्मिलन
लेमन ट्री, बुढानिलकण्ठ ।।
अञ्जुलीभित्र सजाएर राखेको हिरा नेपाल।
यसको स्पन्दन केन्द्र मुटु काठमाडौं
एउटा बृहद् मिलन, सम्मिलन, एउटा संकल्प सुवर्ण हिमवत्खण्डको।
कथा - हाँगाबाट भुइँमा
भुइँबाट गुफामा, गुफाबाट यहाँसम्म
एउटा लामो यात्रा, यात्राको वर्णन!
प्रेम, घृणा, लडाइँ! उन्माद, आर्तनाद!

अञ्जुलीभित्र सजाएर राखेको हीरा नेपाल
यसको स्पन्दन केन्द्र मुटु काठमाडौं
एउटा बृहत् मिलन, सम्मिलन
एउटा संकल्प सुवर्ण हिमवत्खण्डको।

कथा - हाँगाबाट भुइँमा
भुइँबाट गुफामा, गुफाबाट यहाँसम्म
एउटा लामो यात्रा, यात्राको वर्णन!
प्रेम, घृणा, लडाइँ! उन्माद, आर्तनाद!
कठिन तर गौरवको यात्रा
प्रेमपछि प्रेमको कथा हिमवत्खण्ड!

तर, समय फेरिएको छ
सहरले धेरै कुरा बिर्सिएको छ
नक्कल धेरै गर्छ, हल्लाका पछि कुद्छ
आजकल सहरमा 'काग' 'काग' कराउँदै उडिरहेछन्
आफ्नै सभ्यतामाथि बिष्ट्याइरहेछन्
ओहो भाषा!
भनाभन! साँचो-झुटो
सहरमा खोजी भइरहेछ, हराएको मूर्तिको
मूर्ति आफैं हराएन, मूर्तिलाई हराउन मद्दत गर्नेको
खोजी भइरहेछ भाइमाराको
राष्ट्रिय पकेटमाराको!
तानातान छ, गतिको रथ र पांग्राको
अघिल्तिर तान्ने कि पछिल्तिर तान्ने!

तर,
हिमवत्खण्ड अघि बढ्ने बाटो खोजिरहेछ
अघि बढ्ने बाटो खनिरहेछ
अलि पर एउटा स्पष्ट गन्तव्य
सबै कुरा छोडेर त्यही छुन
एउटा यात्रा, एउटै गन्तव्य
एउटा यो सानो सम्मिलन
संकल्प सुवर्ण हिमवत्खण्डको‼

*प्रधानमन्त्री ओलीले मदन भण्डारी कला-साहित्य फाउन्डेसनद्वारा राजधानीमा चैत १-३ मा आयोजित हिमवत्खण्ड कला-साहित्य-संस्कृति सम्मिलन-२०८१ मा लेखेको कविता।*

# घोषणा-पत्रमा हिमवत्खण्ड

(१) विश्वको सर्वोच्च शिखर सगरमाथासहितको हिमवत्खण्ड संसारको गौरव हो। यही गौरवशाली भूखण्डमा विश्वकै पहिलो सभ्यताका रूपमा रहेको वैदिक सभ्यताका साथै पहिलो भाषा संस्कृतको उद्भव भएको हो। प्राज्ञिक, सांस्कृतिक र भाषिक दृष्टिले यो भूखण्ड अत्यन्त समृद्ध छ। यसै भूखण्डमा संसारका एक हजारभन्दा बढी भाषा बोलिन्छन्। भारोपेलीसहितका भोटबर्मेली परिवारका भाषाहरूको यस आधारक्षेत्रको उन्नयन, पारस्परिक सद्भाव वृद्धि र सांस्कृतिक एवं सृजनशील पक्षको महिमागान यस सम्मिलनको मुख्य उद्देश्य हो। अतः यो सम्मिलन हिमवत् खण्डमा अवस्थित आफ्नो सांस्कृतिक भूगोलप्रति गर्व गर्दै यहाँको विविधतापूर्ण प्रकृति, समाज, संस्कृति र उच्च मानवीय मूल्यको अध्ययन र अनुसन्धान गर्न तथा संरक्षण गर्न दृढ संकल्प गर्दछ। यस पवित्र कार्यमा सहयोग पुर्‍याउन सम्बद्ध सबै पक्षलाई आह्वान गर्दछ।

(२) हिमवत्खण्डमा सृजित वैदिक, बोन, बौद्ध, किराँत, ताओ आदि सभ्यतासँग सम्बद्ध खगोलविज्ञान, योग, आयुर्वेद, दर्शनसहितका रैथाने ज्ञान-विज्ञानले यस क्षेत्रको चेतनालाई सदैव उचो पार्दै आएको यथार्थलाई आत्मसात् गर्दै यो सम्मिलन ज्ञान, विज्ञान तथा चेतनाका ती गौरवशाली परम्परालाई अझ परिष्कार र परिमार्जन गरी युगानुकूल बनाउँदै लैजाने संकल्प गर्दछ।

(३) नेपाल हिमवत्खण्डको केन्द्रस्थल मानिन्छ र यो अनेक जाति, संस्कृति भाषाभाषीको इन्द्रेणीका रूपमा विकसित हुँदै आएको छ। यहाँ रहेको भौगोलिक, प्राकृतिक, जैविक, सामाजिक तथा सांस्कृतिक विविधता नै नेपालको मौलिक चिनारी हो र वैभव हो। यस वैभवलाई आत्मसात् गरी समानता, सहअस्तित्व, विश्वबन्धुत्व र अन्तर्राष्ट्रिय एकताको सेतु नेपाली राष्ट्रिय संस्कृतिको संवर्धन र विकास गर्नु हाम्रो परम कर्तव्य हो। यो सम्मिलन नेपालको विकास, निर्माण र समृद्धितर्फको यात्रामा हिमवत्खण्डमा विद्यमान बहुसांस्कृतिक परिचयलाई कायम राख्दै अघि बढ्न सम्बद्ध सबै पक्षलाई आह्वान गर्दछ।

(४) हिमवत्खण्डमा बोलिने अन्य भाषाका साथै नेपालमा बोलिने १२४ ओटा भाषाको संरक्षण गर्नु यस क्षेत्रका समाज तथा सरकार दुवै पक्षको दायित्व हो। यो सम्मिलन हिमवत्खण्डका अन्य भाषाहरूका साथै नेपालका भाषाहरूको संरक्षणका लागि ज्ञान, विज्ञान र सृजनाका क्षेत्रमा यी भाषाहरूको अधिकतम प्रयोगमा जोड दिन सम्बद्ध सबैसँग आह्वान गर्दछ।

(५) यो सम्मिलन हिमवत्खण्डको केन्द्र नेपालको बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक विशिष्टतालाई केन्द्रमा राखी सबै जातजातिका भाषा, साहित्य, लोकसंस्कृति, धर्म आदिको प्रतिनिधित्व हुने गरी भौतिक र विद्युतीय (डिजिटल) दुवै किसिमको बृहत् सांस्कृतिक संग्रहालय स्थापना गर्न नेपाल सरकारसमक्ष हार्दिक अनुरोध गर्दछ।

(६) विकसित राष्ट्रहरूमा तीव्र रूपमा भएको औद्योगिकीकरणका कारणले समुद्र प्रदूषित भइरहेका, हरित गृह एवं कार्बन उत्सर्जनसमेतबाट विश्वको वातावरणमा प्रतिकूल प्रभाव परिरहेको तथा ओजोनतहमा समेत नकारात्मक असर परेको, बढ्दो भूमण्डलीय उष्णताको दुष्परिणामस्वरूप हिमालहरू र त्यस क्षेत्रका बासिन्दाहरू प्रभावित भई संकटमा परेका अनि विश्वव्यापी रूपमा मौसममा असन्तुलन सृजना हुँदै गइरहेका सन्दर्भमा विश्वमा पर्यावरणलाई सन्तुलनमा राख्न ठोस योजना र कार्यक्रम बनाई लागु गर्न यो सम्मिलन सम्बद्ध सबैसँग आह्वान गर्दछ।

(७) मानव जाति अनेक विशेषतासहितको एकता पुञ्ज हो। यसको इतिहास अनेक संघर्ष, सहकार्य र सम्मिलनबाट अघि बढ्दै आएको छ। मानवजातिको उन्नयन र विकासका लागि सामाजिक समानता र सद्भावसहितको एकता आजको आवश्यकता हो। यो एकता राष्ट्रिय र क्षेत्रीय सबै स्तरमा आवश्यक छ। अतः समाजका विभिन्न स्तरमा नागरिकको आत्मगौरव वृद्धि हुने गरी सामाजिक न्याय, समानता, स्वतन्त्रता, भातृत्व र सहअस्तित्वको भावना विकसित गर्ने संस्कृतिको निर्माण गर्नका लागि यो सम्मिलन सम्बद्ध सबै पक्षलाई आह्वान गर्दछ।

(८) विपुल सांस्कृतिक विविधता र वैभव भएर पनि हिमवत्खण्डका जनता आर्थिक समृद्धिका दृष्टिले तुलनात्मक रूपमा अलि पछाडि परेका सन्दर्भमा यस क्षेत्रका सम्बन्धित सरकारहरूलाई यो सम्मिलन अविलम्ब मानवोचित र वैज्ञानिक संस्कृति सहितको आर्थिक समृद्धिको प्रभावकारी योजना र कार्यक्रम निर्माणसहित कार्यान्वयन गरी यस गौरवशाली भूखण्डका बासिन्दाको जीवनस्तर उकास्न आग्रह गर्दछ।

(९) कतिपय देशमा व्याप्त द्वन्द्व र हिंसा जघन्य र मानवताविरोधी छन्। विभिन्न नामबाट भइरहेका यस्ता द्वन्द्व, हिंसा र प्रतिहिंसा जघन्य र मानवताविरोधी छन्। विभिन्न नामबाट भइरहेका यस्ता द्वन्द्व र हिंसामा परी सर्वसाधारण जनताले ज्यान गुमाउनु परिरहेको छ। यस्ता नरसंहारबाट मानिसको बाँच्न पाउने अधिकारको उपहास भइरहेको छ। यो सम्मिलन यस्ता सबै प्रकारका हिंसाको भर्त्सना गर्दछ। थप मानवीय क्षति हुन नदिन संयुक्त राष्ट्रसंघको प्रभावकारी भूमिकाका माध्यमबाट युद्ध र हिंसा रोक्न आह्वान गर्दछ।

(१०) व्यक्तिकेन्द्रित एवं चरम उपभोक्तावादी चिन्तनले परस्परमा विभाजित समाजलाई 'वसुधैव कुटुम्बकम्' तथा 'संघं शरणं गच्छामि'को भावनाका हाम्रा प्राज्ञिक आदर्श र तदनुकूलका सृजनात्मक अभियानले मात्रै परिष्कृत बनाउन सक्ने सन्दर्भमा यो सम्मिलन समयसमयमा कार्यक्रम गरी भ्रातृत्व, सहकार्य र साझा मानवीय मूल्य प्रवर्धन अभियान सञ्चालन गरिरहने प्रण गर्दछ।

(११) यो सम्मिलन हिमवत्खण्डमा उद्भव र विकास भएका सबै खाले दर्शन, चिन्तन, कला, साहित्य, संस्कृति, स्वास्थ्य, विज्ञान आदि विधाको योजनाबद्ध उत्खनन, अध्ययन, अनुसन्धान, नवप्रवर्तन र विस्तार गर्दै जाने प्रण गर्दछ। यस्ता कार्यमा निष्ठापूर्वक लाग्न सम्बद्ध देशका सरकारहरू र विद्वज्जनमा हार्दिक आग्रहसमेत गर्दछ।

(१२) विकास र सामाजिक सुप्रबन्ध वा विज्ञान र प्रविधिको विकास मानवजातिको सुविधा र सुखका लागि हो। प्रौद्योगिकीकरण, आधुनिकीकरण र यान्त्रिकीकरणले मानवीय श्रम, सीप र सृजनाको महत्त्वलाई न्यूनीकरण गरेको जस्तो आभास भए पनि मानवीय महत्ता र मानवमस्तिष्कको श्रेष्ठतालाई तल पार्न सकिँदैन। मानिसले आफूलाई समयसँगै अद्यावधिक गर्दै जानु भने आवश्यक छ। यो सम्मिलन उल्लिखित विषयप्रति सजग छ र सबैलाई सजग रहन आग्रह गर्दछ।

(१३) यो सम्मिलन विश्वव्यापी रूपमा विभिन्न कारणले बढिरहेको वनविनाश र त्यसबाट उत्पन्न भूक्षय, बाढी र पहिरोबाट लाखौं मानिसहरू घरबारविहीन भइरहेको स्थितिप्रति गम्भीर चिन्ता प्रकट गर्दछ र अविलम्ब वनविनाश रोकी हरितमय विश्वको अवधारणाअनुरूप योजना र कार्यक्रम ल्याई त्यसलाई कडाइका साथ कार्यान्वयन गर्न सम्बद्ध पक्षसँग आग्रह गर्दछ।

(१४) यो सम्मिलन हिमवत्खण्डमा रहेका रमणीय प्राकृतिक स्थलहरूका साथै ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक-धार्मिक स्थलहरूको संरक्षण गर्दै यस्ता स्थलहरूलाई परस्परमा यातायातका माध्यमबाट जोडी त्यहाँ आन्तरिक र बाह्य पर्यटकहरूको आवागमन हुन सक्ने गरी परिपथ (सर्किट)हरू निर्माण गर्न र तत् तत् स्थलमा आधुनिक दृष्टिले सबै किसिमका सुविधा उपलब्ध हुने व्यवस्था गर्न सम्बद्ध देशका सरकारहरूसँग अनुरोध गर्दछ।

(१५) यो सम्मिलन हिमवत् खण्डअन्तर्गत रहेका जातजाति र समुदायका बीचमा क्षेत्रीय, जातीय, सांस्कृतिक, धार्मिक र भाषिक आधारमा कुनै पनि किसिमको विभेद हुनु हुँदैन र हिमवत् खण्डका निवासीहरूको आत्मसम्मानमाथि आघात पुग्ने गरी यस खण्डभन्दा बाहिरका कुनै पनि पक्षबाट व्यवहार हुनु हुँदैन भन्ने मान्यताप्रति दृढ प्रतिबद्धता व्यक्त गर्दछ।

(१६) यो सम्मिलन हिमवत्खण्डका सम्पूर्ण भाषाको सम्पर्क माध्यम हुँदै विश्वव्यापी बन्दै आएको नेपाली भाषा मौलिकतालाई सुरक्षित राख्दै यसको मानकीकरण र आधुनिकीकरणका निम्ति प्रतिबद्धता प्रकट गर्दछ।

(१७) 'हिमवत्खण्ड कला-साहित्य-संस्कृति सम्मिलन-२०८१' हिमवत्खण्डको प्राज्ञिक र सांस्कृतिकसहितका वैभवलाई उजागर गरी पारस्परिक सद्भाव र सहकार्यलाई थप सुदृढ बनाउने उद्देश्यले प्रारम्भ गरिएको हो। अतः यो सम्मिलन यस अभियानलाई निरन्तरता दिने र आवश्यकताअनुसार पालै पालो विभिन्न क्षेत्रमा आयोजना गरी आपसी हार्दिकतालाई अझ प्रगाढ बनाउने एवं हिमवत्खण्डको वैभवलाई विश्वव्यापीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। यसका लागि यो सम्मिलन स्थायी प्रकृतिको संगठन अर्थात् संस्था आवश्यक पर्ने ठान्दछ। विश्वव्यापी सञ्जालका रूपमा 'हिमवत्खण्ड कला-साहित्य-संस्कृति मञ्च-२०८१' (हिमवत् खण्ड आर्ट, लिटेरेचर एन्ड कल्चर फोरम-२०२५) गठन गर्ने घोषणा गर्दछ।

*सम्मिलनको अन्तिम दिन जारी घोषणा-पत्र*